रूद्रि भाषा श्लोक

महाँलय श्राद्ध

श्राद्धमयूष

लेखक: विष्णुप्रसाद अर्याल

रुद्रि भाषा श्लोक

महाँलय श्राद्ध

श्राद्धमयूष

लेखक : बिष्णु प्रसाद अर्याल

SCANNED

कथन तथा प्रकाशक :
बिष्णु प्रसाद अर्याल
ट्याङ्गलाफाँट १, कीर्तिपुर, काठमाडौं
[redacted] : [redacted]

सहयोग :
डा. कमल राज अर्याल
बिमल अर्याल
मदन राज अर्याल
रमा अर्याल
अन्जन कटेल

प्रकाशन मिति :
बि. सं. २०६४ हरितालिका (तिज)

प्रकाशित संख्या : ५०० प्रति

मूल्य : रु.४२।-

कम्प्युटर :
दुर्कमान मर्हजन
दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर नयाँबजार
फोन नं. : ४३३५५३६

समर्पण

श्रीगणेशायनमः । समस्त हिन्दुहरुमा संस्कारादि कर्म जस्तै जन्म मृत्यु विवाह आदि र व्रतादि पूजाका कतिपूर्यज्ञहरुमा वेदादिका ऋचा उच्चारण प्रयोगमा राखिएका वैदिक विधिबाट मन्त्र प्रयोग गरी कर्महरु नियमीत तरिकाले भइरहेको कुरा सर्वविदितै छ । अन्य रुद्रादि अनुष्टान् कर्ममा ब्राह्मणहरुद्वारा समूह गतमा पनि भइरहेकै छ । अरुहरु वेद गीता भइरहेकै देखिन्छ । आधुनिक समय किताब कापी,कलम् साथमा लिँदै स्कूलकालेज आतेजाते न गर्ने त बिरलै होलान् । धर्मदर्शन् वैदिकादी ब्याकर्ण अध्ययन् नभए भाषाभुषा विना भित्रको रहस्य कसरी थापाउने अर्थनभइ गोविन्द गाई भने जस्तै के कसो होला भन्ने आशंका र तर्कना त भै हाल्छ । यस्तै तर्कनामा मदनप्रसाद अर्याल ज्यूको सुकीर्तिलेख वैदिक रुद्रीमा भाषालेख पाउँदा अति सन्तुष्ट हुँदै सन् ०५७ सम्बत् ०१४ को बाराणसी बिधेय साहित्य बिषयमा सम्पूर्ण पूर्बमध्यमा सम्म मात्र अध्ययन भएकोले बेद जस्तो अगाध महासागरको लेख पाउँदा अति सन्तुष्टका साथ पठन् पाठन् थोरै भएता पनि नेपाली भाषाका श्लोकका लयमा एक ऋचाका दुई पंक्ति मात्र शार्दूल विक्रिडित छन्दमा समावेश गर्न सक्नेसम्म मात्र राखी श्लोकका लयमा राखिएको छ । यसमा हाम्रा समादरणिय गुरुपुत्र लिला नाथ पौडेल ज्यूबाट स्वल्पनिरीक्षण गरिदिनु भएकोमा सधन्यवाद आधारी छु । यो लेख तयार गरी सम्पूर्ण सज्जन बृन्द पाठक् वर्गमा साथै समर्पण पनि गर्दछु ।

श्रीः

श्रीगणेशाय नमः

भाग एक

मङ्गलाचरण

हे शम्भो शिव गौरि हे गणपती चाडो शरण् पर्दछु ।
भाषा पुस्तक रुद्रिबाट रचिश्लोक् नेपालिमा गर्द छु ॥
के कस्ता विधिका विधानहरु छन् जान्दीन तिम्रो स्तुती ।
संझी कोमल पाउमा म दिन रात् हे शारदे लौनती ॥

सम्पूर्ण गण स्वामि हे गणपती हाम्रो छ आराधना ।
ऐश्वर्य धनप्रेम आदि सबको रक्षा गरी पालन ॥
गर्भैको सरि धारणा गरिलिने सन्सारलाई पनी ।
आवाहन् सबहामि यो गरिरछौं हे बिघ्न हर्ताभनी ॥१॥

बेद २३।३२ रुद्री १

गायत्री जगती त्रिष्टुप् र बृहती पङ्ती र उष्णिक् कती ।
शान्ती दायक छन्द बेदहरुमा देखिन्छ धेरै अती ॥

वेद २३।३३ रुद्री २

सप्तर्षी[1] मुनि पद् हुँदा हुनगयो यो यज्ञ गर्नाकन ।
आफ्नू हुन्छ अभिष्ट सिद्धि यसमा त्योस्वर्गको साधन ॥२॥
वेद २३।३४ रुद्री ३

जाग्रत् स्वप्न भरी घुमिन्छ जसरी मन्दौडि चारैतिर ।
ज्योतीइन्द्रिय श्रेष्ठ मन्छ यसमा सङ्कल्प होस् यो स्थिर ॥
वेद रुद्री ४

चेतन् शिल्मन धैर्य ज्ञान यसमा अन्तस्करण् मा छ यो ।
कल्याण् सब् तिर मन् विचार शुभस्थि संकल्प गर्नूतयो ॥३॥
वदे रुद्री ७

पाङ्ग्रा हुन् रथका यि सामरयजू बेद्का ऋचा छन् जती ।
मन्सङ्कल्प थमाउने चुकुलहुन् होला कि मन् स्थिर्कति ॥
वेद ३४।५ रुद्री ९

जस्तै अश्वलगाम् लिएर रथिले पुग्नेछ आफ्ना थल ।
मन्सम् शुद्धि र इन्द्रियै बसहुँदा संकल्प होलाबल ॥४॥
वेद ३४ ।६। रुद्री १०

इति प्रथमोऽध्याय

---

[1] बिराट सिृष्टिका समयमा यज्ञलाई सप्तर्षिद्वारा सोहि बाटो देखाएको ।

दोस्रोऽध्याय

आँखा शिर्कति पाउ सब् तिर गनी हुन्छन् हजार्ती सबै ।
ब्रह्माण्डै सब ढाकि दिन्छ उसले दश् बाकि अङ्गुल् अझै ॥
वेद ३१।१ रुद्री १
चारौँ भाग विराट् महाँपुरुषमा ब्रह्माण्ड बिस्तार्भयो ।
बिस्तृत् एकचरण् यि भुमि[1] तलमा प्राणीहरु छन् तयो ॥१॥
बेद ३१।२ रुद्री २
जेलेयो बनियो र बन्नु कतिहो जान्नू बिराट्[2] रुप् भनी ।
अन्नैबृद्धि गरेर जीवन जगत् पाल्छन् उनैछन् धनी ॥
बेद ३१।३ रुद्री ३
जोछन् ब्रह्म बिराट् महाँपुरुषले ब्रह्माण्ड पैदा गरी ।
पृथ्वी सृष्टि गरेर प्राणीहरुको सिर्जन् गरेत्यो घरी ॥२॥
वेद ३१।५ रुद्री ५

---

[1] बाकि तिन भागमा अनन्त र अन्तऋक्षमा छन् ।

[2] बिराट स्वरुप महापुरुषबाटै बायुदेवसङ्ग सम्बन्धि पशु गाई मृग घोडा घरपालुवा पशु उत्पती भए ।

त्यस्काक्यै पछि यज्ञ सर्बहुतको हूदो भए थ्यो जब ।
घ्यूले त्यो परिपूर्णको दहिमिल्यो त्योयज्ञबाटै तब ॥
वेद ३१।६ रुद्री ६
चल्थ्यो यज्ञतसर्बहूत उहि नै बेद्हेरुपैदा भए ।
ऋक्सामै र यजू अथर्ब यहिनाम् बेद्हेरु यस्तै थिए ॥३॥
वेद ३१।७ रुद्री ७
छन् मुख्मा दुई तर्फ दाँत जसका घोडा र गाई अनी ।
बाखा भेडि मृगादिमा जति पशू[1] उत्पत्ति सारा पनी ॥
वेद ३१।८ रुद्री ८
योगाभ्यासिर मन्त्रज्ञानि ऋषिले पैले प्रकट् भैकन ।
सृष्टियज्ञ महाँबिराट् प्रभुजिको गर्दा भएसेचन ॥४॥
वेद ३१।९ रुद्री ९
त्यस्का क्यै पछि जो बिराट् पुरुषको त्यो देह देखी अनी ।
हात् खुट्टा मुखऔ उरु यि रचना क्रम्लेभएथे पनी ॥
बेद ३१।१० रुद्री १०
मुख्मा ब्राह्माण बाहुक्षत्रि हुनुयो तिघ्रामहाँ बैश्यभो ।
शुद्रैपाउमहाँ प्रकट हुन गए यै होबिराट् सृष्टिको ॥५॥
बेद ३१।११ रुद्री ११

---

[1] विराट स्वरुप महापुरुषबाट वायुदेवसँग सम्बन्धि गाई, घोडा, मृग घरपालुवा पशु उत्पन्न भए ।

नेत्रैदेखित सूर्य मन् बिच शशी प्राण् वायु कानै महाँ ।
मुख्मा अग्नि बिराट् महाँ पुरुषको पैदा भएथे यहाँ ॥
वेद ३१।१२। रुद्री १२

नाभीदेखित अन्तऋक्षहुनुयो शिर्देखि आकाश्भयो ।
दीशाकान्विच पाउबाट पृथिवी सब्छन् बिराट् कै तयो ॥६॥
वेद ३१।१३। रुद्री १३

घ्यूदिन्थे तिवसन्तले ऋतुशरद् दिन्थे हबन्मा चरु ।
द्यौतागृष्मसँगै लिएर समिधा गर्थेति यज्ञै हरु ।
वेद ३१।१४।रुद्री १४ ।

सूर्यैतुल्य प्रकाश् विराट् प्रभुकनै सामर्थ्य शक्ति धनी ।
अर्को छैन उपाय जस्कन बुझे जानेछ मोक्षै बनी ॥७॥
वेद ३१।१८। रुद्री १८

भन्छन् ज्ञानिहरु अजन्मप्रभु हुन् पाईन्छ जन्मैकती ।
देख्छन् मुख्य स्वरुप् ति धिर् पुरुषले चौघै भुबन्का पति ॥
वेद ३१।१९। रुद्री १९

जस्ले जान्दछ ब्रह्मलाइ उसमा सब्ईन्द्रियै बस् हुनन् ।
बस्मा इन्द्रिय हुन्छ जस्कन सधैं ती देब आश्रित् दिनन् ॥८॥
वेद ३१।२१ रुद्री २१

शोभा लक्ष्मी र सौख्य सब्सहचरी हुन् इश्वरैका अनी ।
हातैहो दिनरात् खुलामुख भया आकाश पृथ्वी पनि ॥
तारागण् अनि चन्द्रसूर्य जतिछन् हुन्छन् प्रकाश यी सबै ।
यस्ता इश्वरमा शरण् छु सबदिन् उन्कै भरोसा अबै ॥९॥

वेद ३१।२२ रुद्री २२
दुई अध्याय सकियो

अथ तृतीयोऽध्याय

गोरुकै सरि गर्जना गरिअनी ती इन्द्र संग्राम् महाँ ।
तीखा सब् हतियार् प्रयोग् गरिअनी सब्शत्रु नाश् छन् तहाँ ॥
वेद १७३३ रुद्री १
तिम्रो शत्रु र बल् विचार् गरि अनि सब्सत्रु भाग् छन् पर ।
शत्रूको गरि सामना सुजनको हे इन्द्र रक्षा गर ॥१॥
वेद १७३५ रुद्रि ३
घुम्दै चार्तिर त्यो बसेर रथमा राक्षस् विनाशै गरी ।
मङ्गल् गर्दिनुहोस् बृहस्पति गुरो दुःख् हुन्छ जुन् दिन् भरी ॥
वेद १७४०। रुद्रि ८
दिन्छन् अमृत सोमले कबचले मै ढाक्छु मर्मै कन ।
द्यौताले जयघोस् गरेर रहनन् उत्साह पार्दै मन ॥२॥
वेद १७४९ रुद्री १७
तेस्रो अध्याय सकियो

चौथौ अध्याय

बायूकै सरिवेगको रुपलिदै देदिप्य मान् कान्तिले ।
सारालाई प्रकाश पार्दिनुहुने हे सूर्य देव् शान्ति ले ॥
वेद ३३।३०। रुद्री १

जस्तारित् सित सूर्यका किरणले लोक्मा प्रकाश्योदिनन् ।
तत्काल् उर्ध्व गती बहेर उकिरण् आकाश व्यापी हुनन् ॥१॥
वेद ३३।३१ रुद्री २

आफ्ना ज्ञान र दृष्टिले सब दिशा देख्ने बरुण् जीकन ।
गर्छौं आदर सब्मनुष्य जतिछौं राम्रोदिनोस् शासन ॥
वेद ३३।३२ रुद्री ३

जस्को तेजछ अन्तऋक्ष विचमा पर्छन् बखत्मा झरी ।
विद्वान् सज्जनले गरे स्तुतिपुकार् हे सूर्य राम्रो गरी ॥२॥
वेद ७।१६ रुद्री ६

हाम्रो शुद्ध इ अन्न ले हबनको यो यज्ञ शाला महाँ ।
द्यौतासूर्य सबै ग्रहण् गरिदिनोस् सन्तुष्ट पार्नोस् तहाँ ॥
वेद ३३।३४ रुद्री ८

जस्को शक्ति छ अन्धकार् हरण मा आफ्ना किरण् ले ग्ररी ।
हे श्री सूर्य उदाउछौ जगतमा त्यो अन्धकार् सब् हरी ॥३॥
वेद ३३।३५ रुद्री ९

जो जोछन् सबयी चरा चर जगत् हे सूर्य नारायण ।
गर्दैछौँ सबयो सधैं स्तुतिपुकार् राखेर भक्ती मन ॥
वेद ३३।३९ रुद्री १३
सूर्यैबाट प्रकाश आश्रय लिँदै फल्छन् यी अन्नैजती ।
भोग् गर्छन् सब प्राणी सूर्य भगवान् यस्तै छ तिम्रो गती ॥४॥
वेद ३३।४० रुद्री १४
सुन्को त्यो रथमा बसेर दिनरात् कस्तादयाका धनी ।
कालोरात्री भगाइ प्राणीहरुमा मायालु सारै बनी ॥
हेर्ने यो भुवनै सबैतिर सधैँ दिएर यस्तो मन ।
हेश्रीसूर्य मगर्छु पाउतलमा दिन्दिन् नमस्कार् पुन ॥५॥
वेद ३३।४३ रुद्री १७
इति चतुर्थ-अध्याय

अथपञ्चमोऽध्याय

क्रोध्ले बाण् धनु हातमा छ उहि रुप् गर्छू नमस्कार् शिब ।
सज्जन् पालन दुष्ट नाश् जगतमा हेरुद्र गर्छौं सब ॥
वेद १६।१ रुद्री १
कैलाश्मा बसि शत्रुनाश् गरिसधैं भक्तै महाँ प्रेम्धरी ।
रक्षा हामी उपर् सधैं गरिदिनोस् शान्ती स्वरुप् यो गरी ॥१॥
वेद १६।२ रुद्री २
बेद्का मन्त्र महाँ निवास् गरिलिने हेरुद्र हात् बाणको ।
रक्षा गर्नु हबस् सबै जगतमा् गाई र सब्प्राणी को ॥
वेद १६।३ रुद्री ३
मङ्गल बोल्नु हुने सबै जगतको कैलाश बासी शिव ।
साराोगरहित् भई शुभविचार् गर्ने बनुन् लौ अब ॥२॥
वेद १६।४रुद्री ४
रिस्ले पूर्ण हजार रुद्रहरु सब् चारै दिशामा तिछन् ।
टाढैबाट बँचेर हामीहरु सब् बस्नै अतीयोग्यझन् ॥
वेद १६।६रुद्री ६

रक्तैवर्ण हुने उ अस्तसमयै श्री सूर्य[1]लाई पनी ।
गोपाल् पानिलिने पँदेरिहरुले देखेर भन्छन् अनी ॥३॥
वेद १६।७रुद्री ७
यस्ता श्रीशिव रुद्र दर्शन हुँदा हामी जति छौँ सब ।
दर्शन सम्झनु ले त हामी हरु औसूखी हुने छौ अब ॥
वेद १६।८ रुद्री ८
हज्जार् नेत्र हुने ति सूर्य रुपका श्रीनील कण्ठै कन ।
सत्वांसै गणहेरुका स्वरुपमा गर्छू नमस्कार् पुन ॥४॥
वेद १६।९ रुद्री ९
हे शंभो शिब बाण् धनूकनपनी राखेर शांन्ति लिनोस् ।
शत्रूदेखिपिडित् भयौँ यदि भने हानेर मारी दिनोस् ॥
हज्जार्बाण र नेत्र रुद्र शिवजी कल्याण हाम्रो गरी ।
बोलीमन् शुभ कर्ममा गरिदिनोस् पिर्तापसारा हरी ॥५॥
वेद १६।१३ रुद्री १३
आमा बाबु गूरु र बालक अनि पत्नी र सारा घर ।
छोरा नाति ममा भए जतिसबै हेरुद्र रक्षा गर ॥
वेद १६।१५ रुद्री १५

---

[1] सूर्यास्त समय का पहँलो (वा) रत्तवर्ण सुर्यको जस्तै शिबको ध्यान दर्शनले दुखको नाश हुन्छ ।

हाम्रो अश्व र गाइ आयु पनि सब् पुत्रादिहेरु जन ।
गर्छौं पूजन भक्तिले गरि हवन् हे रुद्र आवाहन ॥६॥
वेद १६।१६रुद्री १६

हातैमा सुनको छ फेरि गहना सेना दिशाका पती ।
क्यैथाछैन प्रणाम गर्छु पद मा हेरुद्र तिम्रो गती ॥
वेद १६।१७ रुद्री १७

कैलोवर्ण छ शत्रु नाश् गरिलिने स्वामीजगत्का हर ।
सर्वेश्वर् नमि पर्छु पाउ तलमा हेरुद्र रक्षा गर ॥७॥
वेद १६।१८ रुद्री १८

विस्तार्यो भुमिको गरेर धनको पाल्ने गृहस्ती बनी ।
सृष्टी पालन नाश कारण पनी छौरुद्र आफैं धनी ॥
वेद १६।१९ रुद्री १९

सात्विग् पालन दुष्टनाश् गरि लिने हेरुद्र तिम्रो गती ।
संरक्षक् बनका तिरुद्रपदमा न्यूरेर गर्छु नती ॥८॥
वेद १६।२० रुद्री २०

ठग् चोरी हतियार धारिहरुको सब्को उपासक् हर ।
पाउमा परि दण्डबत् गरिरछौं हेरुद्र रक्षा गर ॥
वेद १६।२१ रुद्री २१

सीरैमा पगडी घुमेर दिनरात कैलाश पर्वत महाँ ।
बध् गर्छौं सब दुष्टलाई सहजै हेरुद्रतिम्ले यहाँ ॥९॥
वेद १६।२२ रुद्री २२
केश्मुण्डन् कहिले कपर्दि कहिले त्यो श्वेत आकार छ ।
नेत्रै छन् तिहजार रुद्रपदमा हाम्रो नमस्कार छ ॥
वेद १६।२९ रुद्री २९
छैनन् जेष्ठ कनिष्ठ श्वेदज पनी उत्पत्तिको स्थान् लिने ।
आदीमध्य र अन्त्यको स्थितिपनि हेरुद्र छैनन् दिने ॥१०॥
वेद १६।३२ रुद्री ३२
युद्धैथल् विचमा लगाइ पगडी हात्मा छ अस्त्रै कती ।
सेनानायक रुद्रलाई पदमा न्यूरेर गर्छू नती ॥
वेद १६।३५ रुद्री ३५
बाटाछन् सजिलो र क्वै असजिलो पर्वत् नदीबन् कन ।
हुन्छन् स्थान निवास रुद्र प्रभुमा हाम्रो नमस्कार्पुन ॥११॥
वेद १६।३७ रुद्री ३७
सूर्यैताप र मेघबृष्टि बिजुली भित्री प्रकाश् त्यो पनी ।
सारास्थान निवास रुद्रपदमा हाम्रो नमस्कार् छनी ॥
वे १६।३८ रुद्री ३८
आनन्दै अनुभूति भक्तहरुको पाप् नाश गर्ने शिब ।
कल्याण् दायक रुद्रका पद महाँ हाम्रो नमस्कार छ ॥१२॥
वेद १६।४१ रुद्र ४१

जीवन् मुक्त भएर पार्हुन गई छन् वारि मानब् जती ।
तिर्थै थल् नदि गण्डकी विच हुने गर्छु सबै मानती ॥
वेद १६।४२ रुद्री ४२
कौडीशंख शिपीर खालिभुमिमा जल्का प्रबाहै महाँ ।
रुद्रैका जति अंश छन् तिसबमा हाम्रो नमस्कार् तहाँ ॥१३॥
वेद १६।४३ रुद्री ४३
चौपायै र मनुष्य गाउँ भरि नै प्राणी जती छन् सब ।
रक्षा गर्नु हवस् सबै शरणछौं हेरुद्रदेब् लौ अब ॥
वेद १६।४८ रुद्री ४८
सन्सारी भय रोग् समस्त जनमा सारा भगाई दिनोस् ।
औषद् रुप् प्रभु नै भएर सबमा हे रुद्रशान्ती मिलोस् ॥१४॥
वेद १६।४९ रुद्री ४९
शस्त्रास्त्रै र धनू सबै अब उता हेरुद्र टाढा गर ।
पापी नै उछता पनी गरदया हेरुद्र विश्वम्भर ॥
वेद १६।५० रुद्री ५०
संख्या छैन असंख्य रुद्रहरुले दुख् दिन्छ प्राणीकन ।
टाढाराखि दिनोस् ती रुद्रहरुको दुख्दाइका साधन ॥१५॥
वेद १६।५४ रुद्री ५४
स्वर्गैमा र समुद्रआश्रित लिने वाण् धारि रुद्रै हर ।
टाढा राखि दिनोस् तिबाण् धनु सबै हज्जार योजन् पर॥
वेद १६।५५ रुद्री ५५

नीलो गर्दन श्वेत घाँटि छ जहाँ गण्रुद्र स्वर्गे धनी ।
आश्रित् छन् धनुबाण् सबै पर रहुन् हज्जार योजन अनि ॥१६॥
वेद १६।५६ रुद्री ५६
घुम्छन् तल्तिर घाँटि श्वेत छ निलो नाम् शर्व हो इन्कन ।
तिन्का सब् धनु वाण राखपर नै हज्जार योजन् भन ॥
वेद १६।५७ रुद्री ५७
वृक्षैरुप् हरियो छरुद्रगणको त्यो हातको वाण् धनू ।
टाढाहोस् सबदिन् उहामी सँग औ हज्जार योजन् भनू ॥१७॥
वेद १६।५८ रुद्री ५८
टुप्पी छैन जटागुटू मुटु हुने मालीक विश्वम्भर ।
रुद्रैका धनुवाण राखिदिनुहोस् हज्जार योजन्पर ॥
वेद १६।५९ रुद्री ५९
लौकिक् बैदिक मार्गतोकि विधिले हेरुद्र राख्यौ कति ।
आफ्नू त्यो धनुवाण् परै लगिदिनोस् हज्जार योजन् जती ॥१८॥
वेद १६।६० रुद्री ६०
भाला त्यो तरवा र्लिएर करमा तिर्थादिघुम्ने हर ।
राख्नोस् रुद्र लगेर बाण् धनु सबै हज्जार योजन् पर ॥
वेद १६।६१ रुद्री ६१
अन्नै जल् विच रोग् प्रकट् गरिलिने हेरुद्रतिम्रो धनू ।
टाढाराखि दिनोस् लगेर परत्यो हज्जार योजन् भनू ॥१९॥
वेद १६।६२ रुद्री ६२

दीशादशतिर बाण् धनू खजित छन् सब् रुद्र गण्का घर ।
हाम्रो रक्षित गर्न त्यो अनि पुगोस् हज्जार योजन् पर ॥
वेद १६।६३ रुद्री ६३

स्वर्गैमा बसि रुद्रका तिगणको वृष्टीत बाणै छयो ।
दश् दीशातिर अङ्गुली दश धरी गर्छौं नमस्कार्तयो ॥२०॥
बेद १६।६४ रुद्री ६४

दीशादशतीर चल्छ जोजतिपवन् तीरुद्रका बाण हुन् ।
हात्जोरीकन प्रार्थना गरिरछौं रक्षा सबैको गरुन् ॥
वेद १६।६५ रुद्री ६५

लेखिए जति रुद्रका तिमहिमा हेरेर विस्तार् कती ।
यत्तीले गरियो तिरु[1]द्रपदमा न्यूरेर गर्छू नती ॥२१॥

यी रुद्रगणमा ग़रि द्वेष जस्ले ।
द्वेष्गर्छ जस्मा अनिरुद्र गण्ले ॥
दाह्रा महाँ राखि यिरुद्र गण्ले ।
लुछेर टोक् छन् अतिक्रोभमन्ले ॥२२॥

इति पञ्चमोऽध्याय

---

[1] रुद्रस्वरुप शिव बारे पाँच अध्यायले व्याख्या गरेको छ । मनन् गरी बिचारबाट थाहा होला । शरिर बल शस्त्र शिबको क्रोध दुःख नाश साधुकोपालन् ।

६ अध्याय

भाग् हो रुद्र तपाइँको यहि हवी अर्पण गरेको अनी ।
अम्बे बैन्हि सँगै स्विकार्गरि लिनोस् मूसा पशूको पनी ।
वेद ३।५७ रुद्री १
दीन्छौं अन्न हजूरलाइ पहिले हेरुद्र अर्पण् लिनोस् ॥
बस्ती उत्तम शान्ति सत्य सबमा कल्याण हाम्रो मिलोस् ॥१॥
वेद ३।५८ रुद्री २
गुफापर्बतमा निवास् गरिलिने हेरुद्र हामी कन ।
जुन्हो मंगल पूर्ण शान्ति उहिरुप् चाडो मिलोस् दर्शन् ॥
वेद १६।२ रुदी ४
गर्छन् लोक समस्तलाई सजिलै श्रीरुद्र पैठा पनी ।
गर्छौंलोक विवादलाई यसरी ढाक्यो अँध्यारो बनी ॥२॥
वेद १७।३१।रुद्री
आफ्नू त्योहतियार् लगेर रुखमा झुन्नाइ राखी दिनोस् ।
शान्ती रुप् मृग चर्म धारण गरी हेरुद्र दर्शन् मिलोस् ॥
वेद १६।५१ रुद्री ७
सब्भन्दा अघि विश्वकर्म र अनी तीअग्निदेवै पनी ।
पैदा औषधि हेरु भैकनपनी पैदाभए मेघ् अनी ॥३॥
वेद १७।३२।रुद्री ६

अध्याय ६ सकियो ।

अथ सप्तमोऽध्याय ।

जोहो जीवन संघको शरीरमा मन्लाई धारण् भयो ।
सेवारत् धनमन् प्रजाकनपनी हेसोम अर्पण् छयो ॥
वेद ३।५६।रुद्री १
घोडा गाइ पुरुष् सबैकन पनी त्यो औषधी रुप् भयी ।
आरोग्यै सब मेष आदि पशुको हेरुद्र दिन्छौ रही ॥१॥
बेद ३।५९ रुद्री ४
अध्यात्मिक् तिरका त्रिताप[1] हजुरमा गर्छू हबन् यो घरी ।
काँक्रोफल्छ जसोरि त्यागिलहरो भै मुक्त उस्तै गरी ॥
नेत्रैतिन्तिर दृष्टि पुग्छ जसमा स्वामी जगत्का धनी ।
सन्सारी भय ताप् हटाइदिनुहोस् सालोक्य गण् रुप् बनी ॥२॥
वेद ३।६०।रुद्रो ५।२
छैनन् शत्रुकुनै पिनाकि धनुत्यो लूकाइ बस्त्रै महाँ ।
विंश्राम् गर्नु उ मूजपर्वतमहाँ हेरुद्रचाडो तहाँ ॥
वेद ३।६१।रुद्री ६
कश्यप् औ जमदग्नि यी ऋषिहरु द्यौताहरुको जती ।
वाल्यैयौवन बृद्ध तिन् समयको होस् आयु हाम्रो त्यती ॥३॥
वेद ३।६२ रुद्री ७

---

[1] आदिदैबिक आदि भौतिक अध्यात्मिक ।

कल्याण हो शिबनाम यो दिनु हबस् सन्तान आयु धन ।
दुष्कर्मै सबत्यागी सत्यप्रभुमा लागोस हाम्रोमन ॥
आफ्ना ती हतिया पितासम हुँदा राखेर शान्ती लिनोस् ।
हिम्सा हामि उपर्नराखि प्रभुको हेरुद्र कल्याण मिलोस् ॥४॥

वेद ३।६३।रुद्री ८

इति सप्तामोध्याय ।

अथरुद्री शान्ति पाठ ।

सुन्दा शब्द शरीर डर्हुन गई कम्पाय मानै हुने ।
अर्पण गर्दछु बायुदेब् कन हबन् स्वाहा भनीयो दिने ॥
वेद ३९।७रुद्री ।१।

ऐश्वर्यै धन जन् र सन्तति ममा चाहिन्छ जे जुन्कुरा।
स्वर्कान्ती र धृती सबै दिनु हवस् यै यज्ञबाटै पूरा ॥१॥
वेद १८। ।१।।रुद्री ४

प्राणा पान अपान जोविषय औ दश् इन्द्रियै छन् जती ।
बोलीमन् स्थिर भै बसुन् इ सब दिन् यै यज्ञ देखी अती ॥
वेद १८।१ रुद्री ५

एक् हुन् बा दशलाख् कडोर्जतिममा हुन् गाइखर्वैसम ।
यो लोक् वा परलोक् दुवैतिर ममा कैले नहोस् है कम ॥२॥
वेद ३९।१०। रुद्री ६

ऋग्वेद् बोलिबचन् र बेदयजुले मन् शुध्द गर्नू त हो ।
आँखातेज् रुपको अथर्व र अनी साम् वेद प्राण् रुप हो ॥
वेद ३६।१ रुद्री ८

आफ्नू जो मन छातिका विचवसी सब्छिद्र दोषी गरी ।
ज्ञान्ले बुद्धि सफाइतेहि मनको दोष्मेट्नु सारा हरी ॥३॥
वेद ३६।२ रुद्री ९

सत्चित् पूर्णस्वरुप् तिदेव प्रभुको तेज्लाई ध्यान् गर्दछौं ।
त्योतेज्ले मनको पबित्र गरि सब् चिन्ता सबै हर्दछौं ॥
वेद ।३६।३।रुद्री ।१०।

हाम्रो कुन् स्तुतिपाठ् सुनेर रहँदा ईश्वर् सँधै के गरी ।
हाम्रो मित्र बनेर रक्षक भई दिन्छन् कि सब् दुख्हरी ॥४॥
वेद ।३६।४। रुद्री ।११।

हेदेवेन्द्र अचल् भएकि पृथिवी सब् छिन्न भिन्नै गऱ्यौ ।
यस्तो भोग् वलयुक्त अन्नधनमा आपत्ति सारा हऱ्यौ ॥
वेद३६।५।रुद्री।१२

प्रेम् गर्ने सबभार न्याय दिनुभो ऐश्वर्य शाली हर ।
सर्वोव्यापि र विश्वमालिक प्रभु कल्याण हाम्रो गर ॥५॥
वेद ३६।९॥ रुद्री ।१६॥

बायूसूर्य किरण् र मेघ बिजुली कल्याण हाम्रा गरुन् ।
अग्नी इन्द्र बरुण् समेत दिनरात् पिर्ताप सारा हरुन् ॥
वेद ३६।१० रुद्री १७

राम्रोनिर्मल जल् पिएर सबले रोगादि सारा हरुन् ।
सारा भोज्य पदार्थ प्राप्त हुन गै आनन्द मासब् परुन् ॥६॥
वेद ३६।१२॥रुद्री ॥१९॥

आराम्दाइ फराकिलो र सजिलो यो भूमि बस्ना कन ।
जल्बृष्टी हुन गै मनुष्यहरुमा मिल्लाकि अन्नै पुन ॥
वेद ३६।१३॥रुद्री ॥२०॥

जस्तारित्सित मातृ पुत्र नजिकैजान्छिन् यि दूध् ख्वाउन ।
आरोग्यै रस वर्धकै वरुण जी जल्त्यो मिठो प्याउन ॥७॥
वेद ३६।१५ रुद्री २२
आकाश्स्वर्ग र जल् यि औषधीहररु यी विश्व द्यौता जती ।
जो छन् यि पृथिवी बनस् पतिहरु शान्ती दिनोस् है अती
वेद ३६।१७ रुद्री २४
ज्वाला अग्नि तपाइँको मदिनरात् गर्छू नमस्कार्पनी ।
हाम्रा शत्रु सबै विनाश् गरिदिनोस् कल्याण दाई बनी ॥८॥
वेद ३६ ॥२०॥ रुद्री ॥२७॥
ज्ञानीको हित गर्न नेत्र बनिए त्यो ज्ञान बढ्दै गए ।
देख्नू सुन्नु सबै भएर उसको सौवर्ष आयु भए ॥
बाँच्दा त्यो सय वर्ष सम्म गरिबी क्यैत्यो दरिद्री नभै ।
आनन्दै प्रभुको कृपा हुन गयी बस्ने छ वक्ताउभै ॥९॥
वेद ३६।२४।रुद्री ॥३१॥
राजा इन्द्र गडुर् बृहस् पति गुरो छन् पूषदेव् जो जती ।
शान्ती होस् सवयोअनिष्ट हरुको कल्याण् मिलोस् है अती ॥
बेद ॥१९॥ ।०। रुद्री ३२
चन्द्रै सूर्य र अग्नि अष्ट वसु औ इन्द्रै मरुत् गण् सबै ।
विश्वेदेब वरुण् यि वायु सवदेब् लिन्छु मनैमा अबै ॥१०॥
बेद ॥ १४॥ ॥२०॥ रुद्री ॥३४॥

इति शान्ति पाठ

सबैतिर रुद्रैरुद्र छन्

पत्थर्यो पृथिवी र भूमि हरुसब् सागर् नदी वन् जती ।
वृक्षै जोलहरा बनस् पतिहरु झार्पात् सबै त्योकति ॥
अन्तर् यामि भएर मानिस पशू पक्षी वरावर्पनी ।
ईश्वर्ले सवयो गरेर रचना नानास्वरुप्को अनी ॥१॥

यस्ता श्रीभगवान् सदाशिवजिमा आसृत् छ सारा जगत् ।
जान्दै छन् सब भक्त ज्ञानी र मुनी उन्कै लिला हो फगत् ॥
सन्सारी जतिकाम कार्य हरु छन् उन्कै स्वरुप् सव्गती ।
यस्ता शक्ति अनन्त रुद्र प्रभुमा बार्बार मेरो नती ॥२॥

रुद्रशक्ति यति भन्न छैन बुद्धिममा त्यति
यत्तिकै मा नमि शिर्ले शिवका पद मानती ॥
विष्णुप्रसाद अर्याल नाम मेरो यहि छयो ।
बेलायत् वसिँदा काम यत्तिले पूर्ण भैगयो ॥३॥

चन्द्रमा कहा भएके होला ?

यात्रा मंगल काम कादिन समान् स्वराशि देखि गनी ।
एक् पाँच् तिन् शिरमा हुने छ शशि औ मान् बढ्छ यस्मा पनी ।
एघारौ दश सात छाति विचको हुँदा सुखै भो अति ।
हातैमा दुइनौ हुँदाशशि भने मिल्ला कि पैसाकती ॥१॥

छैटौँचार्पिठको छचन्द्र जसको होलाकि हानी अब ।
वारौं आठ रहन्छ पाउविचमा नाश् गर्छ धन्को सब ॥
हुन्छन् स्थानशुभा शुभै दिन दिनै ती चन्द्रमाको गती ।
याद् राखी कनकाम गर्नु जनले होला कि राम्रै अती ॥२॥

भाग एक सकियो ।

भाग दुई

सानो चिनारी

श्रीगणेशायनमः । यो सानु प्रस्तुत गरिएको पुस्तिका मनुष्यमात्रका नरनारीहरुमा राम्रो उत्साह र सुगम्को मार्ग दर्शाई रहला भन्ने आसा राखि जेजस्तोको साहित्यका ढङ्गमा पढ्न सुन्नमा पनि मनमा आनन्द पैदा हुनु स्वाभाबिकै हो । धेरै धेरै अघिका कुराहरुलाई जम्मा गरि लेखिएको लेख हुँदा पुराण भनी पुरानो कुराको नाम रहेको हुनुपर्छ । पुराणबाटै धर्मका बाटाहरु दर्शाइ रहेको छ । धर्म निर्देशक मार्गनै समाजका मानब जातिमा सत्य र सत् आचार सुगम् मार्ग दर्शाइ रहेको र असत्यलाई पर राखि मानबका मनलाई धर्म तर्फ उन्मुख गराउछ ।

यस्तै कुराहरुलाई लिएर लेखिएको लेख स्कन्द पुराण सेतु महात्म्यमा लेखिएको सुतशौनकहरुको संबादलाई ब्यख्या गर्दै महालय श्राद्धका बिषयलाई लिएर भएका कुरा र श्राद्धमा चाहिने भए गरिएको नियमहरुलाई स्वल्प स्वल्प मात्र टिप्पणी राखि यसमा समाबेश गरिएको छ ।

छोराको कर्तब्य

स्बध्याय बह्मा यज्ञः पितृ यज्ञस्तु तर्पणम्
होमो दैबो बलि भौतो नृयज्ञोऽतिथि पूजनम् । १ मनुस्मृति ।३ ।७०।

बेद पढनु पढाउनु ब्रम्हयज्ञ तर्पण श्राद्ध पिण्डदान पितृयज्ञ बलिबैश्व देव तथा पञ्चवलि भूतयज्ञ अतिथि पूजन् मनुष्य यज्ञ हुन् ।
यस्तै श्राद्धका बिषयमा भनेको छ ।

श्राद्धात् परतरम् नास्ति श्रेयस्कर मुदा हृतम् ।
तस्मात् सर्बप्रयत्नेन श्राद्ध कुर्यात् बिचक्षण ॥ १ सुमन्तु
पितृ श्राद्ध गर्नु भन्दा कल्याण अरुकुरा छैन । बुद्धिमानि छोराले कुनैपनी परिश्रमले पितृश्राद्ध गर्नु ।
आयु पुत्रान् यष स्वर्ग कीर्ति पुष्टि यश श्रियम् ।
पशुन् सौख्यम् धनम् धान्यम् प्राप्नुयात् पितृपूजनात् ॥१॥

आयु सौख्य असल सन्तान् यश कीर्ति पुष्टि बल ऐश्वर्य पशुसुख धन्धान् यि सबै कुरा पितृयज्ञबाट मिल्छ ।

मोहबश श्राद्ध नगर्दा

श्राद्धं नकुरुते मोहात् तस्य रक्तं पिबन्तिते । ब्रह्मपुराण
नतत्र बीराजायन्ते नारोगा नशतायुषः ।
नच श्रेयोऽधिगच्छन्ति यत्र श्राद्धं बिबर्जितम् । हारित स्मृति ।
श्राद्धं एनम् नकुर्बाणो नरकं प्रति पद्यते ॥१॥ विष्णु स्मृति ।
लोकान्तरेषु ते तोयम् लभन्ते नान्नमेबच ।
दत्तम्न बंश जै येषां ते ब्याथां यान्ति दारुणम् ॥३॥

मोहका बश श्राद्ध नगर्दा सम्बन्धित सँगिको रगत् पान् गर्छ । श्राद्ध बिमुख परिवार दुखैदुखको भोग गर्ला । रोगि पुत्रादि रहित अल्पायु कल्याण देखि बञ्चित नरक गामि लोकान्तरमा राम्रो बंश अन्न जल देखि बिमुख भै दारुण कष्ट भोग गर्ला ।

यो यस्मा धार्मिक ग्रन्थहरुमा लिखित लेखहरुलाई लिएर लेखिएको यो सानो लेखलाइ चितवन शिशाहानीका निबासि

राममणि अर्याल र चितवन कै पर्सा बजार निबासि बिष्णु न्यौपानेज्यू तथा हाम्रा श्रद्धेय माननिय गुरुपुत्र लिलानाथ पौडेलज्यू यहाँहरु देखि पनी निरिक्षण गरिदिनु भएकोमा सधन्यवाद ज्ञापन् गर्दै धेरै धेरै आधारीमा छु। कतिपय गल्ति त भै नै हाल्छ सज्जन बर्ग महाशय पाठकहरुमा गल्ति सुधार् गरि पढिदिन अनुरोध गर्दछु।

इमम् श्राद्धम् बिधिम् पुण्यम् कुर्याच्चापि पठेच्चय।
ससर्ब काम सम्युक्तो ह्यमृतत्वम् च बिन्दति ॥१॥

श्राद्ध गर्ने किन ?

देह धारी मनुष्यका नरनारी ले गरिएको मन् बोली देह सम्बन्धी का कार्य कर्मदेखि गरिएको पुण्य र पापले मृत्यूदेखि पश्चाद् स्बर्ग मोक्ष नारकी को आदि लोक हरुमा बिभिन्न योनिमा गै जीब धारीमा जन्म मरण निबास हुन्छ भन्ने

लेखहरु देख्दा यस्लोकमा छोराहरुले दिएको पिण्ड जल पितृहरुले कसरी पाउनन् त?

देबो यदि पिताजातः शुभकर्मा नुयो गत ।
तस्यान्न ममृतं भूत्वा देबत्वेऽयनू गच्छति ॥१॥
गन्धर्भे भोग रुपेण पशुत्बे च तृणं भबेत् ।
श्राद्धान्नं बायु रुपेण नागत्बेऽ प्युप तिष्ठति ॥२॥
पानम् भबति यक्षत्वे राक्षसत्वेऽऽतथा मिसम् ।
दनुजत्वे तथा मद्यं प्रेतत्वे रुधिरोदकम् ॥३॥
मनुष्ये त्वेन्न पानादि नाना भोग करम् भबेत् ।

इति हेमाद्रि

ब्राह्मणका अग्निं ष्वत्त क्षत्रियिका बर्हिषद बैश्यका कब्य र शुद्रका सुकाली श्मेच्छका ब्याम देबताहरु हुन्छन् छोराहरुले दिएको पिण्ड जल अन्न इनै देबताले नाम गोत्र सम्बन्ध द्वारा पत्ता पाउने हुँदा जहाँ जस्तो रुपमा जसरी बसेका छन् उस्तै योग्य खाना बनाइ पुऱ्याइ दिन्छन् ।

आफ्ना शुभ कर्म द्वारा देबता भए अमृत् गन्धर्ब भए भोग्य बस्तु पशु भए घाँस सर्प भए हावा राक्षस भए आमिस (मास्) दानब भए मदिरा प्रेत भए रगत मनुष्य भए अन्न बनाइ पुऱ्याइ दिन्छन् । यि कुरा हेमाद्रिमा लेखिएको छ ।

श्री गणेशायनमः

भाग दुई

मङ्गला चरण

गौरी पुत्र गणेश् देव
पाउमा गर्छु वन्दना ।
भवानी शारदा आमा
राखेर शुभकामना ॥
इष्टदेव् गुरु का पाउ
भक्ति प्रेम धरी मन ।
सिद्धि माग्छु सबै साथ
भाषा श्लोक वनाउँन ॥१॥

अथमहा लय श्राद्ध

शौनक् आदि महर्षि हेरु जति छन् सम्पूर्ण जम्मा भई ।
यज्ञै नैमिष क्षेत्रमा गरिलिए एक्ठाउँ सब्ले गई ॥
ब्रह्मै एहि मुहूर्तमा उठि अनि सब् नित्य कर्मै गरी ।
सम्बोधन् सुतमा गरी विनयले सोध्दा भए एसरी ॥१॥

कार्यै गर्छ मनुष्य देह भइ सब् जो देह धारी बनी ।
कर्मैले[1] हुन जान्छ मानिस महाँ पाप् धर्म हेरु पनी ॥
दूराचारि भएर पाप गरिने को हुन् थिए ती कहाँ ।
तिर्थै स्थान धनूषकोटि पुगि औ स्नान् भो कसोरी वहाँ ॥२॥

दुराचारिब्राह्मणको कथा

प्रश्नैती ऋषिको सुनेर उ बखत् श्रीसूत जीले पनी ।
हर्षैले मुनिलाई भन्नु पनि भो शौनक् सुनिल्यौ तिमी ॥
ब्राह्मण् एक थिए अगाडि पहिले गोदावरी तट् महाँ ।
दूराचारी[2] भनेर नाम इनको भन्थे सबैले यहाँ ॥३॥
ब्राह्मण् भैकन ब्रह्म कर्म गरिने ती ब्रह्म तेजी हुनन् ।
तेस्तै पातकिसङ्ग भो यदि भने त्यो ब्रह्म तेज् छोडिनन् ॥

---

[1] पूर्वदत्तंहि लभते यत्रकुत्र महीतले । बिनादानं न लभ्येत मेरो कनक पर्वते ॥१॥ पूर्वदत्ता हियो विद्या पूर्व दत्ता हियो धनं । पूर्वदत्ता हि या भाले तत्तत्रैब हिलभ्यते ॥२॥ यद्धा धात्रा लिखितं भाले तत्तत्रैव हिलभ्यते । विना दत्तेन किं क्वापि लभ्यते नैवकिञ्चन ।३॥ अर्थः पूर्वजन्ममा दिएको पाइन्छ । पूर्वजन्ममा दिएको नभए सुमेरु पहाड तुल्य पर्वत सुन भएपनी सकिन्छ केही रहन्न ।१। पूर्वजन्ममा दिइ राखेको विद्या धन पृथ्वी अरु अरु जन्ममा पाइन्छ ॥२॥ विधिले मस्तकमा जस्तो लेखीदिएको छ । त्यो मात्रपाइन्छ ।

[2] आचार धर्म हिन भएको ।

सत्सङ् पातकि कोत एक दिन भर् जो ब्रह्मणै गर्दछन् ।
चार् भाग्मा अनि एक भाग उसको त्यो ब्रह्मतेज् छोडिनन् ॥४॥

दोश्रा दीन पनी गएर जसले साथै गरे भोजन ।
ब्राह्मण्को अब ब्रह्म तेज उसको आधा छ त्यो छोडन ॥
तेश्रा दिन पनी गएर जसले सत्सङ् गरेमा अब ।
चार्भाग्मा अनि तीन भाग अवतेज् जाला अवस्यै सब ॥५॥

ब्राह्मण् भैकन चार दिन् अरु सधैं सत्सङ् गरे मा अत ।
होला पातकि ब्रह्म तेज उरहित् सारा गराए हत ॥
सत्सङ् पातकि को भएर तिनको नाम् भो दुरा चार्भनी ।
दूराचारि भएर क्यै दिन रहे पृथ्वी तलैमा पनि ॥६॥
इन्कोकर्म बलिष्टको अति हुँदा बेताल आइ कन ।
आक्रान्तै इन लाई गर्दिनु अहो बेताल् भए ई पुन ॥
प्राक्तन् कर्म समस्त प्राणीहरुमा यैमुख्य कारण् भई ।
देहै लाइ खडा गरेर सुख दुख् भोग् गर्छ मन्थीर् गरी ॥७॥

वेताल आक्रान्त[1]भएर इन्ले ।
बेतालमा श्रेष्ट भइ क्रमैले ॥
घुम्दा पछिकेही कुनै दिनै मा ।
तिर्थै धनुष्कोटि गिरे जलैमा ॥८॥

क्यै बेर् डुबी औ अनि उत्रि हेरी ।
दिन्थे नजर्सव् तिर फर्की फेरी ॥
देखेर मन्मा अति खल्बलै भो ।
आश्चर्य केयो अहिले भएको ॥९॥
यस्तै तर्क वितर्कले सव दिशा चार्तीर हेर्दै थिए ।
सामूमा अतिस्वच्छ शान्त मुनिजी दत्तात्रयै देखिए ॥
हात्जोरी अतिनम्र भै कन तहाँ यो बातभन्थे अनि ।
ब्राह्मण् हूँ म अघी निवास गरथेँ गोदाबरीमा पनी ॥१०॥
फेरि ब्राह्मण रुप् कसो गरी भयो बेतालछाडी कन ।
यस्को कारण के छ सुन्न अहिले चञ्चल् छ मेरो मन ॥

---

[1] तान्नु ।

यस्तै तर्क वितर्कले सबकुरा सोध्दै थिए ती तहाँ ।
एक्क्षण् केही विचार्गरि र मनले दत्तात्रयै ले वहाँ ॥११॥

तैंले पातकिसंग खुब् गरी लिइस् ब्राह्मण् जनम् भै कन ।
तेही पाप खडा भएर तँभइस् बेताल रुप्यो पुन ॥
धर्मै स्थान धनूष कोटि यसमा स्नानै हुनाले गरी ।
बेताल् रुप् कन छाडि यो हुन गयो ब्राह्मण् स्वरुप् योघरी ॥१२॥

बेताल् भैकन घुम्दथ्यो तँ सँगजो तेस्ले कुनै दिन्महाँ ।
श्राद्धै पुण्य महाँ लयै यसमहाँ दिँदैन थ्यो क्यै तहाँ ॥
पितृको अघि त्यो शराप परदा बेताल् भएको थियो ।
तानी खैंची लिँदा तँलाइ सजिलै बेताल् बनाई लियो ॥१३॥

पूर्वैजन्म हुँदा परिश्रम गरी पाप्पुण्य जस्तो गरे ।
हाजीर्त्यै हुन जान्छ खोजि न गरी जन्मा न्तरैमा भरे ॥
यैरित्का सब ती कुरा गरिसकी दत्तात्रयै जी कन ।
तेस्तो पुण्य महालयै छकहिले भन्नोस् मलाई पुन ॥१४॥

प्रश्नै ती ऋषिले सुनेर उ बखत् ब्राह्मण् दुराचार्महाँ ।
पुण्यै दायक यो महाँलय् सरात् भन्नूभयो यो तहाँ ॥
आदि भाद्र[1] पदा र अन्तिम वृछा सूर्यै छँदा मा हुने
भन्थे गर्नू सरात् महाँलय तलौ ती तत्वदर्शी मुनी ॥१५॥

येसैमा पनि हो अवश्य बढिया आश्विन मासै भयो ।
तेस्भन्दा पनि झन् ठूलो छ यसमा आश्विन कृष्णै तयो ॥

महाँलय श्राद्धमा

प्रतिपदा

आश्विन् कृष्ण सरात् गरे प्रतिपदा यस्तापुरुष् तिन्कन ।
अग्नी देव प्रशन्न भैकन दिनन् ऐश्वर्य धेरै धन ॥१६॥

पितृतृप्त निमित्त फेरि जनले बेद्पाठि ब्राह्मण् महाँ ।
षड्रस्का तिपदार्थ भोजन दिए दश्कल्प सम्मन्तहाँ ॥
पितृतृप्त भएर बासउसको त्यो अग्निलोक्मा भई ।
तेस्लोक्को सुख भोग् अवश्य गरला आनन्दताले रही ॥१७॥

---

[1] भाद्र शुक्ल पूर्णिमा देखि कार्तिक मासान्त ।

यस्तो यो प्रति पद् सरात नगरे जो हो पुरुष् तिन्कन ।
अग्नीकोप बढेर नाश गरला ऐश्वर्य सारा धन ॥

दुतीया

खुशी छन् शिबजी सरात दुतया गर्ने गरेमा पनी ।
कैलाश्को सुख भोग भोगि उसमा आनन्दहोला अनी ॥१८॥

विस्कल्पै तक पितृतृप्त रहनन् एक्ब्राह्मणै भोजन ।
गर्दामा हुन जान्छ फेरि उसको सन्तान बृद्धि पुन ॥
नाश् होला दुतिया सरात नगरे त्यो ब्रह्म तेजै यहाँ ।
काल्सूत्रै अनि रौरबै नरकमा पर्ला कि जाई तहाँ ॥१९॥

तृतीया

गर्दा आश्विन कृष्ण श्राद्ध तृतीया तृप्तै कुबेर्जी हुनन् ।
तृप्तै कारण फेरि पद्मनिधिको धन्हेरु धेरै दिनन् ।

कल्पै तीसहजार सम्म उसको ती पितृ तृप्तै भई ।
आशिर्वाद मिलेर भोग्छ सुख भोग् आनन्द ताले रही ॥२०॥

चतुर्थी

चौथी श्राद्ध गणेश् प्रसन्न रहनन् गर्दा अवश्यै अती ।
हुन्छन् विघ्न निवृत्ति फेरि उसको पुत्रादि होला कती ॥
चालिस् कल्प हजार पितृ उसको तृप्तै अवश्यै हुनन् ।
आशिर्वाद मिलेर फेरि उसले आनन्द भोगीलिनन् ॥२१॥
चौथी श्राद्ध गरेन जुन्पुरुषले बिघ्नादि होला अती ।
कोलाहल्[1] अनि चण्डनाम् नरकमा पर्लाकि जाई कती ॥

पञ्चमी

श्राद्धै पञ्चमी यो गरेत बढिया लक्ष्मी प्रसन्नै हुने ।
सम्पत्ती यश किर्ति वंश बहुतै धेरै बढाई दिने ॥२२॥
तृप्तै कल्प पचास् हजार तक औ ती पितृ तृप्तै हुनन् ।
यस्लोक्को सुख भोग् गरे र पछितक् सन्तान राम्रो लिनन् ॥

---

[1] चण्ड कोलाहल नाम नरक ।

श्राद्धै पञ्चमी यो गरेन जसले निस्केर लक्ष्मी गई ।
बस्दा आइ अलक्ष्मी पीडित हुँदै बस्ला कि दुखी भई ॥२३॥

षष्टी

स्वामीकार्तिक षष्टि श्राद्ध गरदा खुशी हुने छन् अती ।
बालक् घातक पूतना ग्रहहरु लाग्दैन दोष् एक् रती ॥
कल्पै साठि हजार सम्म उसको पितृ ति तृप्तै भए ।
छोरानाति पनातिहेरु सबको वंशै ति बढ्दै गए ॥२४॥

षष्टी श्राद्ध गरेन जुन्पुरुषले उस्का ति बालक् सबै ।
हर्दिन्छन् अनि पूतना ग्रह हरु बाँकी नराखी कबै ॥
ज्वालानाम नरक् कठिन्छ उसमा गिर्ला अवश्यै गई ।
भोग्ला दुःख बडो अनेक् तरहले धेर्काल सम्मन् रही ॥२५॥

सप्तमी

श्राद्धै सप्तमी गर्छ जुन्पुरुषले[1] सूर्यै प्रसन्नै हुनन् ।
आरोग्यै र सुवर्ण किर्ति बहुतै सन्तान राम्रोलिनन् ॥

[1] सप्तमी श्राद्ध गर्दा सुवर्ण हस्त भगवान प्रशन्न हुन्छन् ।

कल्पैसत्तरितक् हजार उसको सब् पितृ तृप्तै हुने ।
सन्तान्को अविछिन्न भै उरहला आनन्द भोगी लिने ॥२६॥
श्राद्धै सप्तमी योगरेन जसले त्यो अश्त्र[1] शैया महाँ ।
भोग्ला दुःख अनेक पीडित भई धेर्काल सम्मन् तहाँ ॥

अष्टमी

श्राद्धै अष्टमीले प्रशन्न रहने छन् फेरि मृत्युञ्जय ।
सारा भोग् कन भोगिमिल्छ सुख औ हूँदैन मृत्यू भय ॥२७॥

पितृकल्प असी हजारउसको तृप्तै हुने छन् तहाँ ।
सन्तान्को अबिछिन्न विघ्न हरला बस्ला सुखैले यहाँ ॥
यस्तो अष्टमिको सरात नगरे हुँदैन मुक्ति पनि ।
भोगी दुःख अनेक जाइ परला वैतर्णि नर्कै अनि ॥२८॥

---

[1] तिक्ष्ण धारास्त्र शैया नाम नरक ।

नवमी

गर्दा श्राद्ध प्रशन्न छन् नवमीमा दुर्गा अवश्यै यहाँ ।
कुष्टी भो क्षयरोग् र भूत् अनिपिशाच् निर्बिृत्ति हुन्छन् तहाँ ॥
नब्बेकल्प हजार वर्ष उसको पितृ ति तृप्तै हुनन् ।
सन्तान्को अविछिन्न भै उरहला आनन्द भोगी लिनन् ॥२९॥

श्राद्धै यो नवमी गरेन जसले रोगै अपस्मार्हरु ।
ब्रह्मै राक्षस कृत्यहेरु सव दुख् देलान् अबश्यै अरु ॥

दशमी

गर्दायो दशमी सरात् खुशी हुने श्रीचन्द्रमा छन् अरे ।
राम्रो खेती हुने छ निश्चय पनी जन्मान्तरैमा भरे ॥३०॥
एक्सौकल्प हजार पितृउसको तृप्तै हुने छन् अनी ।
सन्तानको अविछिन्न भै उरहला आनन्द ताले पनी ॥
आश्विन् कृष्ण सरात् गरेन दशमी निष्फल्छ खेती अव ।
हुन्छन् दुःखि दरिद्रि पापि हुन गै जन्मान्तरै मा सब ॥३१॥

एकादशी

सम्हारै सब लोक गर्छ भगवान् जो रुद्र हुँन्लौ तिनै ।
यो एकादशिको सरात् गरिलिँदा खुशी हुने छन् उनै ॥
अग्नीष्टोम् फल हुन्छ यज्ञसरि कै शत्रू सबै नाश् हुनन् ।
शोक्ताप् हेरु हटाई लोक यसमा सन्तान राम्रो लिनन् ॥३२॥
पितृतृप्त भएर औदश हजार् कल्पैभरी लौ तहाँ ।
सन्तानको अविछिन्न भै उरहला आनन्दताले यहाँ ।
योएकादशिको सरात जन जो गर्दैन तेही कन ।
यज्ञै निष्फल हुन्छ शत्रुहरुले पीडादि गर्छन् भन ॥३३॥

द्वादशी

श्राद्धै द्वादशी गर्छ फेरि जसले विष्णु प्रसन्नै हुनन् ।
सन्तुष्टै भगवान् भएर उसमा सम्पत्ति धेरै दिनन् ॥
सन्तुष्टै सब यो चरा चर हुँदा कौमोद नाम्को गदा ।
नाश्गर्ला सब रोग ब्याधिहरुको चक्रै सुदर्शन् तदा ॥३४॥

पाञ्चै जन्य उशंखको ध्वनि छँदा भूत् प्रेत भाग् छन् अब ।
नाश् गर्ला सब शत्रुलाई पनि त्यो चक्रै सुदर्शन् सब ॥
तृप्तै पितृ हुनन् अबस्य छ सये हज्जार कल्पै अनी ।
सन्तान्को अविछिन्न भै उरहला आनन्द ताले पनी ॥३५॥

यस्तो द्वादशी श्राद्ध गर्न जनजो छाड्ने छ तेही कन ।
अस्ती भेदन नामका नरकमा पर्नेछ सोही जन ॥
राक्षस् भूत र प्रेत् पिशाच जति छन् देलान् अनेकौँ दुख ।
रोग्ले शान्ति मिलेन तेस्कन सँधै हुँदैन कैले सुख ॥३६॥

त्रयोदशी

गर्दा श्राद्ध त्रयोदशी खुशी हुने श्रीकामदेवै यहाँ ।
माला भूषण वस्त्र हेरु बढिया स्त्री मिल्छ राम्री तहाँ ॥
कल्पैबार हजार वर्ष उसको ती पितृ तृप्तै भए ।
सन्तान्को अविछिन्न सौख्य गरि भोग् आनन्द ताले रहे ॥३७॥

यस्तो श्राद्ध त्रयोदशी पुरुष भै गर्दैन जस्ले यहाँ ।
पर्लाजाइ नरक् ठूलो छ दुखको त्यो अस्त्र शैया महाँ ॥

चतुर्दशी

गर्दा श्राद्ध चतुर्दशी शिव जि औ हुन्छन् प्रसन्नै पुन ।
ब्रह्मै हत्य सुबर्ण चोरिहरु पाप् नाशै हुने छन् भन ॥३८॥
अश्वैमेध र पौण्डरीक जति छन् त्यो यज्ञको फल् अनी ।
मिल्दा हुन्छ अबस्य सिद्धि उसको सारा मनोरथ् पनी ॥
श्रद्धा भक्ति लिई चतुर्दशि सरात् गर्ने पुरुष् तिन्कन ।
तृप्तैकल्प कडोर पितृ उसको होलान् अवश्यै भन ॥३९॥
आश्विन कृष्ण चतुर्दशी दिन सरात् गर्दैन जो जन् यहाँ ।
सन्सार्को उहि अन्ध कुप् बिच बसी घुम्ला कि त्यो जन् तहाँ ॥

औंसी

औंसी आश्विन कृष्ण श्राद्ध गरने तेस्ता पुरुष् को अब ।
उस्कापितृ अनन्त काल तक औतृप्तै हुने छन् सब ॥४०॥

द्यौताअमृत पानले जसरि हो उस्तै हिसाब् ले गरी ।
तृप्तै पितृ हुनन् अवश्य उसको आनन्द मन्मा धरी ॥
द्यौताको शिवको र पितृहरुको प्यारो तिथी पो छ यो ।
श्राद्धै ब्राह्मण भोजनै गरिलिँदा मुक्ति दिने पो भयो ॥४१॥
आश्विन् कृष्ण सरात औँसी तिथिमा गर्दैन जो त्यो जन ।
स्वर्गैमा छ त पितृ फेरि उसको गिर्लान् नरक्मा भन ॥
ब्राह्मण् भोजन औँसि श्राद्ध गरदा पितृउसैको अब ।
नर्कैमा यदि पितृ छन् तितसबै तृप्तै हुने छन् तब ॥४२॥
औँसी आश्विन कृष्णका दिनमहाँ पितृसबै त्यो घरी ।
नाच्छन् खुब्सित भन्दछन् यहि कुरा आनन्द मन्ले गरी ॥
हाम्रा पुत्र मनुष्य लोक यसमा यो श्राद्ध राम्रो गरे ।
नर्कैका जतिल्केश छन् तित सबै हाम्रो तिसारा हरे ॥४३॥

भन्दै येहि कुरा ती पितृहरुता पाए र उत्तम गती ।
श्राद्धैपुण्य महालयै छ बढिया पितृहरुमा अती ॥
मातृकूल् अनि पितृकुल् यी दुइको अमृत पान्ले सरी ।
कैँजूँ कल्प समान तृप्तर हनन् पितृ सबैत्यो घरी ॥४४॥

गर्नू सप्तमि देखि औंसितक नै ब्राह्मण् दुई भोजन ।
तेस्तै द्वादशी देखि औंसि तकऔ भोजन् गराउ भन ॥
आचार्शुद्धकुलीनका अतिशुभा बेद्पाठि ब्राह्मण महाँ ।
षड्रस्का ति पदार्थको चिज लिई भोजन् गराउ तहाँ ॥४५॥

ब्रह्माविष्णु र इन्द्रफेरि शिवजी ती अग्निष्वत्तै हरु ।
तिन्लोक् का जतिदेव पितृहरु छन् तृप्तै हुने छन् अरु ॥
पार्वणका विधिले महाँलय सरात् गर्नू बढीया छ यो ।
यज्ञैसिद्धित दक्षिणा हुन गयो कैले नभुल्नु त यो ॥४६॥
उद्देश्यै पतिको अपुत्रि विधवाराखेर यस्मा अब ।
ब्राह्मण् भोजन ता अवश्य गरनू कल्याण होला तब ॥
कल्याण् हो महको त अर्थ यसमा हो आलयै स्थान् अनी ।
कल्याण् स्थान् भई महाँलय[1] भयो हो अर्थ यस्तो पनी ॥४७॥

बार्षिक् श्राद्ध गरेन जुन्पुरुषले मातापिताको यहाँ ।
गर्नू नै बढिया महाँलयसरात् होला अवश्यै तहाँ ॥

[1] महको अर्थ कल्याण, आलय को अर्थ स्थान हुँदा दीर्घ सन्धि भै महालय भएको ।

द्यौता पितृ सबै प्रसन्न रहनन् यो श्राद्ध गर्ने गरे ।
आशिर्वाद मिलेर भोगिसुख भोग् आनन्द होलाभरे ॥४८॥

सर्वहारा ले के गर्ने ?

दुःखी भैकन श्राद्ध गर्न नसके ब्राह्मण् कहाँ गै कन ।
श्राद्धै गर्न मलाइ मुस्किल भयो सामान देउ भन ॥
पाए श्राद्ध गरोस् मिलेन अबक्यै क्षेत्री कहाँ गैकन ।
माग्नू श्राद्ध निमित्त लाई अहिले धन्धान देउ भन ॥४९॥
क्षेत्रीले पनि क्यै दिएन छ भने क्वै बैश्यका घर् महाँ ।
श्राद्धै गर्न मलाइ द्रब्य दिनु होस् भन्नू र माग्नू तहाँ ॥
बैश्यैले पनि क्यै दिएन अब त्यो फर्केर घर्मा गई ।
पितृ तृप्त हउन् भनेर उ गरोस् गोग्रास यो दिक् भइ ॥५०॥

गोग्रास् दीन पनी समर्थ न भए जाउ र जङ्गल महाँ ।
उच्चै स्वर्गरि रोइ भन्नु यहिवात् छातीपिटी खुब् तहाँ ।

हे पितृ मत हूँ दरिद्रि कृपणी सब् धर्म हारा खुनी ।
निर्लज्जा भइ श्राद्ध गर्न नसकी भोग्दैछु यो भोग् अनी ॥५१॥

ब्राह्मण् देखि लिएर वैश्यतक औ मागेर हिँड्दा महाँ ।
मिल्दै केहि मिलेन लौ गरुँ कसो माग्छु क्षमा यो यहाँ ॥
बर्बर् आँसु खसाइ छातिपिटि खुब् रोई कराईकन ।
तृप्तै पितृ हुनन् अवश्य उसको रोदन् अरण्यै पुन ॥५२॥
जोछन् पितृ पिता महै क्रमसँगै[1] पुस्ता तिनौटा पनी ।
फेर्माता मह तर्फ यो गनि लिँदा तिन् तिन् छ ओटा अर्नी ॥
तीनौटा दुइ तर्फको गरि लिँदा तिन् तिन् छ ओटा यहाँ ।
विश्वे देव् दुइ तर्फको गरिलिँदा ब्राह्मण् दुईटा तहाँ ॥५३॥

उद्देश्यै गरि बिष्णु को अब यहाँ यौटा बरण् गर्नू यो ।
नौ ब्राह्मण् यसरी बरण् गरिलिने रोल् क्रम् बढीया छ यो ॥

---

[1] पितृ पितामह प्रपितामह (३) मातामह प्रमातामह वृद्ध प्रमाता मह (३) विश्वेदेवतर्फ २ विष्णु उद्देश्यमा एक गरी ९ ब्राह्मण वरण गर्ने ।

थोरैमा

एक् मातामह[1]तर्फको गरि लिनू पित्रादिमा एक् अनी ।
विश्वेदेब्तिर एक ब्राह्मणवरण् विष्णू तरफ्मा पनी ॥५४॥

चार् ब्राह्मण् यसरी बरण् गरिलिनू त्यो स्थान् मिलाइ कन ।
आचार्शुद्ध कुलीनका अतिवडा ती वेदवेत्ता पुन ॥
आचार्शुद्ध कुलीन ब्राह्मण वरे सम्पूर्ण सिद्धि छयो ।
दुःशिल् ब्राह्मणको वरण् गरिलिए त्यो श्राद्धघातै भयो ॥५५॥

श्राद्ध गर्नेका फल

पार्वण्का विधिले महाँलय सरात् गर्ने पुरुष् तिन्कन ।
धेरै धर्म गरे अवश्य तिनले आनन्द होला मन ॥
पृथ्वीको सव तिर्थ स्नान गरनू त्यो फल् अवश्यै पनी ।
अग्निष्टोम् अरु यज्ञ आदिहरुको फल्होजतीत्यो अनी ॥५६॥

---

[1] मातामहतर्फ एक पितादिमा एक विश्वेदेव तर्फ१ विष्णु उद्देश्यमा एक गरी चार ब्राह्मण वरण गर्ने ।

चान्द्रायण् ब्रत फल् तुला पुरुषदान् फेरि महाँदान्हरु ।
गायत्री जप औ पुराण इतिहाँस् सुन्दा सबै फल्अरु ॥
पारायण् अनि अङ्गले सहितको वेद्पाठ् हरुले कती ।
हुन्नन् तुल्य कदापि श्राद्ध गरदा आश्विनकृष्णै जति ॥५७॥

श्रद्धा भक्तिलिई महा लयसरात् गर्ने पुरुष्को यहाँ ।
ब्रह्मैलोक् अनिविष्णु लोक् शिव लोक् पुग्ला अवश्यै तहाँ ॥
नित्यै हो अनि काम्यहो बुझिलिनू यो श्राद्ध गर्ना कन ।
गर्दैनन् फल प्रत्यबाय[1] उसमा होला अवश्यै भन्न ॥५८॥

अघि पनि यो श्राद्ध गर्थे

सिद्धिहुन्छ सबै मनोरथ पुरा यो श्राद्ध गर्ने गरे ।
भूत् वेताल् ग्रह शाकिनी इ जति छन् नष्टै हुने छन् भरे ॥
राजाश्री दशरथ्जिले गरिलिए यो श्राद्ध राम्रो गरी ।
श्रीराम्चन्द्र समेत पुत्र हुनु भो आनन्द मन्मा धरी ॥५९॥

---

[1] उल्टो फल ।

राजाफेरि ययातिले गरि लिदा छोरा यदू जन्मिए ।
राज्यैको सुख भोग भोगिसब औ ती स्वर्ग बासि भए ॥
राजाश्रीनलले विपत्ति परदा योश्राद्ध गर्थे यहाँ ।
पुष्करो कलि कोत निग्रह गरि साम् राज्य भोग्थे तहाँ ॥६०॥

विश्वामीत्रजिले अघी दुखदिँदा राजा हरिश्चन्द्रले ।
यो श्राद्धै विधिलाई खुब् गरिलिए एक् भक्ति भै नम्रले ॥
रानीचन्द्र वती र पुत्र पनि औ ती रोहि ताश्वै थिए ।
अठ्ठारै दिपका प्रभू हुन गई आनन्द ता ले रहे ॥६१॥

यो श्राद्धै वनमा अघी गरिलिए श्री रामजीले पनि ।
मारी रावणलाई पाउनु भयोसीताजिलाई अनि ॥
श्राद्धै गर्नु भयो युधिष्ठिरजिले आश्वीन कृष्णै महाँ ।
सारा शत्रु जिते र राज्य सुखको भोग्थे धरातल् यहाँ ॥६२॥

दुष्यान्तै नृप राजलाई पहिले छोरा भरत् जी हुन ।
आश्वीन् कृष्ण महाँलयै छ बढिया यो श्राद्ध गर्थे पुन ॥

गौतम् कुत्स बशिष्ट अत्रि र भृगू कस्यप् भरद्वाज्हरु ।
विश्वामित्र अगस्त्य फेरि अनि लौ ती अङ्गिरादि हरु ॥६३॥

साराई मुनिगण् महाँलय् सरात् गर्दै वरावर् रहे ।
आठ् सिद्धि अणिमादि पाइ कन सब् जीवन् तिमुक्ती भए ॥
कल्याण् खोजि गरे महाँलय सरात् गर्नू अवश्यै भन ।
भूत् वेताल् ग्रह पूतना दिसव दुख् देलान् न गर्ने कन ॥६४॥

योदत्तात्रय भन्दथे यति कुरा त्यो सब् दुरा चार मा ।
ब्राह्मण् बेदनिधी कुशस्थलि नगर् यो गाउँका विचमा ॥
लोभी वेदनिधी महाँलय सरात् गर्दै नगर्ने थिए ।
पर्दा पितृशराप् बलिष्ट हुन गै बेताल को रुप् लिए ॥६५॥

सत्सङ् पातकि को भएर त्याँ पनी पापी भएकै थिइस् ।
तेही पाप प्रकट् भएर पहिले वेताल को रुप् धरिस् ॥
अज्ञान्ले पनि यो पवित्र थलको तिर्थै धनुष्कोटि यो ।
बेताल्रुप् कन छोडिदिव्य हुनुयो आश्चर्य स्नानै त हो ॥६६॥

धनुष्कोटि तिर्थ

शौनक् आदि महर्षिमा यति कुरा श्री सूत जीले पनी ।
तिर्थै वैभव सब् यति छ यसमा को भन्न सक्ला भनी ॥
तिर्थैस्थान धनूष कोटियसमा त्योपिठ दर्शन् पुन ।
स्थापित् औशिव लिङ्ग मूर्ति हरिकोगर्ने पुरुष्तिन्कन ॥६७॥

प्रायश्चीत्त हुँदैन पापहरुको जुन्पाप हो त्यो पनी ।
तिर्थै एहि धनूष कोटि गरिँदा नष्टै हुनन् सब् भनी ॥
विश्वास् घाति कृतघ्न फेरि जति छन् शुद्रान्न भोजीहरु ।
गौकन्या अनि देव मूर्तिहरु सब् बेचीलिने जो अरु ॥६८॥

बेद् ब्राह्मण् शिव विष्णुको र गुरुकोयोगी हरु इन्कन ।
तिर्थैको अनि धर्म सत्य तिकथा निन्दा गरिने जन ॥
सन्यासी अनि मातृ पितृहरुमा निन्दा गरिने पनी ।
प्रायश्चित्त हुँदैन इन्कन भनि भन्थे अघीका मुनी ॥६९॥

यस्ता पापी पनी पबित्र गरिने तिर्थै धनुष्कोटियो ।
स्नान् दर्शन् पिठ को गरे यदि भने मानीसमुक्ती भयो ॥
भन्नू भो सूतले तिशौनक महाँ यस्तो कुरा यो पनी ।
सुन्छन् बा यदि पढ्द छन् पनि भने पाप् छुट्छ तिन्को अनी ॥७०॥

इति महालय श्राद्ध

श्री

अथ श्राद्धमयूष भाग ३

श्राद्ध गरिने ठाउँ

गाईको तर गोबरै लिपिअनी क्वै शुद्ध[१] भूमी महाँ ।
दक्षिण तर्फ ढलै गराउ यसरी संस्कार भूको तहाँ ॥
पितृ तृप्त हुनन् बसे तुलसि कोबोट् भित्र छायाँमुनी ।
घर्मा वा कित तिर्थ स्थान बिचमा हो श्राद्ध गर्ने पनी ॥१॥

श्राद्ध गर्न नहुने ठाउँ

गाई हात्ति कुकूरको छत फउज् इन्को थलो स्थान् कन ।
अर्काको भुमि टाँण्तलो इयति मा श्राद्धै[२] नगर्नू भन ॥

---

[१] इति धर्म सिन्धौ ।

[२] इति भारते ।

श्राद्धमा नबोलाइने ब्राह्मण

जाल् झेल्का कपटी[१] र दोषि भएका पाप्ब्रह्महत्या खुनी ।
गोठालो र सिपाहि काम गरिने ब्याज् बृत्ति गर्ने पनी ॥२॥
बिग्रेका अनुहारको र क्षयरोग्गित् गाउने काम्लिने ।
यस्ता ब्राह्मण श्राद्धका विधि महाँ निम्ता वरण् छाडिने ॥
श्राद्धै घात हुनेछ निश्चय पनी बर्ने सगोत्री कन ।
प्रोहित्का पछि भाइ संझिमनले भोजन् गराउ भन ॥३॥

ब्राह्मण निमन्त्रण गर्न

एक्दिन् वा दुइदिन् अगाडि पहिले श्राद्धै छ मेरो भनी ।
सत् आचार् असगोत्रि[२] ब्राह्मण् बुझी गर्नूकि निम्ता पनी ॥
पितृकार्य र देवकार्यहरुमा निम्ता स्विकारै गरी ।
कारण् बश् यदि भोजनै[३] नगरिँदा होला सुकर्ती मरी ॥४॥

---

[१] धर्म सिन्धौ ।

[२] मनुष्मृति अध्याय ३, श्लोक ३८७ ।

[३] मनुस्मृति अध्याय ३, श्लोक ३९० ।

निम्ता[1] ब्राह्मण्लाई श्राद्ध यसमा जस्ले गरे छन् अरे ।
जूठो सूतक तेहि ब्राह्मण महाँ लाग्दैन भन्छन् भरे ॥
श्राद्धारम्भ गरिन्छ जुन् बखतमा ब्राह्मण् सरीरै महाँ ।
बस्छन् पितृ समाप्त श्राद्ध उसको हुँदैन जैल्हे तहाँ ॥५॥

कर्मारम्भ

यज्ञैव्रत् र विवाह श्राद्ध जति छन् पूजा हबन् ती सब ।
आरम्भै जब हुन्छ सूतकजुठो लाग्दैन भन्छन् अब ॥
नान्दी श्राद्ध विवाह यज्ञ यसमा पूजा बरण्ले गरी ।
पाक्यैचिज् हरु श्राद्धमा गरिलिँदा आरम्भ भो एसरी ॥६॥

[1] इति श्राद्ध मयूष ।

श्राद्धमा पिण्ड पकाउने भाडा

सुन्चाँदी तर ताम्रपात्र अथवा माटो भए तापनि ।
राङ्पित्तल्हरुमा पकाउ नभए हुँदैन निन्दा अनी ॥
पाक्यैपात्र फलामको गरि लिदा पितृनिराशै रही ।
पात्रै फेरि फलाम[1] दर्शन हुँदा भाग्छन् विपत्ता भई ॥७॥

पिण्ड पकाउनेको ?

आफूले विधिपूर्व कै गरी बिहा ल्याएकि पत्नी भनू ।
पत्नी शुद्ध भए पकाउ न भए भाईहरुमा दिनु ॥
भाई कोत अभाव भो यदि भने ब्राह्मण् सगोत्री कन ।
सत् आचार्गुणबान् विचार गरि क्यै पिण्डै पकाउभन ॥८॥

श्राद्धमा पिण्ड कत्रा हुन पर्छ

पार्वण श्राद्ध महाँ बनाउ अमला फल्तुल्य पिण्डै पनि ।
एकोद्धिष्ट महाँतबेल सरिको होपिण्ड दानै अनी ॥

---

[1] श्राद्धमयूष ।

यस्भन्दा बढिकै बनाउ सवदिन् दश् दिन ढिकुरा महाँ ।
यस्तो पिण्ड बनाउलेखिन गयो श्राद्धै मयूषै यहाँ ॥९॥

श्राद्धमा वर्जित गरिने स्त्री

दिन्ले शुद्ध रजोबती नहुनु औ पाखण्डि अर्को पनी ।
एक् अर्को पति त्यागि भिन्न रहित्यो जात्मा गिरेकी अनी ॥
बन्ध्या बाँझि यती र फेरि विधवा जो अन्य गोत्री जन ।
पिण्डै पाक् इनदेखि गर्न कहिल्यै हुन्नन् अवश्यै भन ॥१०॥

एक कर्ताले दुइ श्राद्ध गर्न

एकै दिन् दुई श्राद्ध एकतिथिमा कर्ता[1] त एकै भए ।
पैले जो मरिनेछ श्राद्ध उसको गर्नू चलाइ लिए ॥
स्नान् गर्नू अनि श्राद्ध गर्नू पछि जो मर्नेछ तेहि कन ।
कर्ता एक् तिथि एक् हुँदा गरिलिने रोल्क्रम् यही हो भन ॥११॥

---

[1] नैकस्मिन् दिवसे श्राद्धै त्रयाणां कुत्र चित्द्विज । इति आश्वनल यस्तो बाक्य हुँदा एउटा कर्ताले तिन श्राद्ध गर्न हुँदैन ।

श्राद्ध बिघ्न क्षय तिथी था नभएमा

श्राद्धै विघ्न हुने र मृत्यु दिनको थाहा नहुने कन ।
कृष्णै पक्षसरात् अवश्य गरनू एकादशीका दिन ॥
पर्देश्मा गइ मृत्यु भो र तिथिको थाहा नहुने भए ।
मैना तेहि मिलाइ श्राद्ध गरनू औसी तिथी यै लिए ॥१२॥

श्राद्धादौ रजो दर्शन्

पर्देशी र अनग्नि पत्नी रजकी हुने सबै इन्कन ।
एकोद्धिष्ट महाँ त गर्न परला त्योपिण्डदानै भन ।
पत्नी भैछ रजोवती भनि तयो छाडे क्षयाहै यहाँ ।
कर्ता जान्छ नरक् अवश्य बुझनू हुँदैन छाड्नै तहाँ ॥१३॥

प्रश्नका सँगै समाधान्

पन्ध्रै दिन् विच सोर श्राद्ध गनियो आश्विन[1] कृष्णैतयो ।
शङ्का हुन्छ अवश्य एक तिथियो कुन् लौ समावेस् भयो ।

---

[1] सोर श्राद्ध भन्दा एक तिथी कुन हो ?

पूर्णिमा र चतुर्दशी तिथि भए पार्वण् विधिले सब ।
आश्विन् कृष्ण महाँ लयै छत सरात् केगर्न पर्ला अब । १४

पूर्णिमा अनि पिण्ड दान दिनु यो नीसिद्ध[1] भन्छन् अत ।
भाद्रै शुक्ल[2] हुनेछ औंसी सरिको गार्ग्यै मुनिको मत ॥
देवल्को मनुको मतान्तर लिँदा त्यो पुर्णिमा लौ यहाँ ।
सोरै श्राद्ध महाँ हुनन् कि न हुनन् यो लौ समावेस् महाँ ॥१५

अषाढ्को अवधि यतातिर गरी पाँच्पक्ष[3] आश्रित् लिँदा ।
होला सोर सरात् मनू मत छ यो जल् अन्न दानै दिँदा ॥
अर्को फेरि चतुर्दशीतिथी भई मर्दा परे इन्कन ।
आश्विन् कृष्ण चतुर्दशी अपरमा श्राद्धै[4] नगर्नू भन ॥१६॥

---

[1] सोमयाग त्रिपिण्डी अष्टका श्राद्ध आदि आदि ।

[2] भाद्र शुक्ल पुर्णिमा आश्विन कृष्ण १६ श्राद्ध भन्न मिलेन ।

[3] आषाढ कृष्णदेखी कात्तिक सम्मको एकतिथी समावेश गर्ने ।

[4] निति अनुसार महालयलाई मात्र भनेको एकोद्धिष्टादिहैन ।

शस्त्रै घात भइ चतुर्दशितिथी मृत्यू भएको भए ।
आश्विन कृष्ण चतुर्दशी गरिलिनू पार्वण् विधियैलिए ॥
पूर्णिमा र चतुर्दशी तिथि भए त्यो श्राद्धलाई यहाँ ।
गर्नू द्वादशि औसि जो अपरका आश्विन कृष्णै महाँ ॥१७॥
आश्विन् कृष्ण महाँ लयै भरि सँधै मिलेन गर्नै अब ।
कार्तिक् कृष्ण दिपावली दिन गरुन् पार्वण् विधिले सब ॥
विद्या धन् सुख शान्ति राज्य गरी भोग् ऐश्वर्य सारा अनी ।
छोरो[1] भैकन पितृतार्छ जसले त्यो जान्छ मोक्षै बनी ॥१८॥

लेखक विनय

श्राद्धका विधि मापैल्हे लेखिए जे जति कुरा ।
मनोरथ् पूर्ण भो मेरो यत्तिकैले यहाँ पूरा ॥
विष्णुप्रसाद अर्याल नाम मेरो भने पुन ।
क्षमा माग्छु सबै साथ गल्ती शुद्ध बनाउन ॥१॥

[1] कुलनन्दन पुत्र त्यसैलाई भनिन्छ ।

लेखक चिनारी

१. नाम : विष्णुप्रसाद अर्याल

२. जन्ममिति : १९८७/६/१२

३. जन्मस्थान : सलाङ्ग-९, आरुवास, धादिङ्ग

४. पत्नि : लिला देबी अर्याल

५. पिता : भूमिप्रसाद अर्याल

६. माता : झयाँदेवी अर्याल

७. शिक्षा : पूर्वध्यमा (साहित्य)

वाराणसी विश्वविद्यालय, वाराणसी, भारत

८. भ्रमण : नेपाल, भारत, बेलायत

९. कृति : पुरुषोत्तममास महात्म्य

१०. हालको ठेगाना : कीर्तिपुर ट्याङ्गला-१, काठमाडौं

मक्का प्रेस, कीर्तिपुर- ४३०५४